REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 HRS 30/08/2024

- CM Football Players

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज बिहान आफ्नो सरकारी निवास मिन्तोकगाङमा तेह्र वर्षको आयु मुनिको Sub-Junior कन्या फुटबल टोलीसित भेट गर्नुभयो। मुख्यमन्त्रीले मध्य प्रदेशमा आयोजना भइरहेको तेह्र वर्षको आयु मुनिको Sub-Junior कन्या राष्ट्रिय च्याम्पियनसिपमा पहिलोपल्ट यस टोलीद्वारा राज्यलाई प्रतिनिधित्व गर्ने कुराले आफूलाई गर्व लागेको बताउनुभएको छ।

सोरेङ जिल्लाको जौंटार स्टेडियममा प्रमुख प्रशिक्षक श्री उर्गेन पिन्ट्सो शेर्पा, सहायक प्रशिक्षक सुश्री प्रिकिला तामाङ, टोली प्रबन्धक सुश्री सामतेन डोमा लेप्चा र फिजियोथेराफिस्ट सुश्री यास्त्रा छेत्रीको मार्गदर्शनमा यस टोलीले उचित रूपमा प्रशिक्षण गरेको छ।

मुख्यमन्त्रीले आगामी सफलताको निम्ति टोलीलाई शुभकामना दिँदै उत्कृष्ट परिणाम प्राप्त गरेर राज्यलाई गर्वान्वित तुल्याउनेछन् भन्ने विश्वास व्यक्त गर्नुभएको छ।

प्रबन्धन पक्षले पनि मुख्यमन्त्रीप्रति टोलीलाई प्रदान गर्नुभएको सहयोग र मार्गदर्शन साथै प्रोत्साहनका निम्ति कृतज्ञता व्यक्त गरेको छ।

--------------------------------------X--------------------------------------

- Vigilance Committee Meeting

राष्ट्रिय खाद्य सुरक्षा ऐन 2013-अन्तर्गत गठित सतर्कता समितिको आम सभा आज रिङहिम नामपताम ग्राम पञ्चायत एकाईमा बस्यो। खाद्य तथा नागरिक आपूर्ति विभागको समन्वयमा बसेको सभाको अध्यक्षता रिङहिम नामपताम GPU-का पञ्चायत सदस्य श्री लाकु छिरिङ लेप्चाले गर्नुभयो। सभामा समितिको मुख्य उद्देश्यमाथि चर्चा भयो, जसमा लक्षित जन वितरण

प्रणालीको पारदर्शिता र कार्यप्रणाली साथै यसमा कार्यरत कर्मचारीहरूको जवाफदेहिता सुनिश्चित गर्नु, राष्ट्रिय खाद्य सुरक्षा ऐन 2013-अन्तर्गत कार्यान्वयन गरिने सबै योजनाहरूको नियमित पर्यवेक्षण गर्नु आदि सामेल छ।

मंगनका जिल्ला नागरिक आपूर्ति अधिकारी श्री पाल्देन N लाचुङ्पाले राष्ट्रिय खाद्य सुरक्षा ऐन 2013-को धारा उन्तीसअन्तर्गत सतर्कता समितिको गठ अनिवार्य रहने विषयमा प्रस्तुतिकरण दिनुभयो।

---------------------------------------X---------------------------------------

- <u>Quiz Competition</u>

सिक्किम भरिका वरिष्ठ माध्यमिक विद्यालयहरूका निम्ति उपभोक्ता जागरूकतामाथि क्लस्टर स्तरीय अन्तर विद्यालय जागो ग्राहक जागो हाजिरीजवाफ प्रतियोगिता आज पाकिम जिल्लाको डुगा रिगु अनि गेजिङ जिल्लाका योक्सम र बर्मेक मार्तामभा सम्पन्न भयो। डुगा रिगु क्लस्टरका विजयी छुजाचेन र रोड़ाथाङ वरिष्ठ माध्यमिक विद्यालय जिल्ला स्तरीय प्रतियोगिताका निम्ति योग्य बनेका छन्।

यसैगरी योक्सम क्लस्टरका एकलव्य आदर्श आवासीय विद्यालय गाङग्याप र खेचोपेरी अनि बर्मेक मार्ताम क्लस्टरका हि याङथाङ र देन्ताम वरिष्ठ माध्यमिक विद्यालय जिल्ला स्तरको प्रतियोगिताका निम्ति योग्य भएका छन्।

कानूनी मापविज्ञान एकाई र सिक्किम सरकारको खाद्य तथा नागरिक आपूर्ति विभागअन्तर्गत उपभोक्ता सुरक्षा प्रकोष्ठको संयुक्त पहलमा आयोजित प्रतियोगिताको मुख्य उद्देश्य सिक्किम भरिका विद्यालयमा युवा जमातसम्म पुगेर उनीहरूलाई उपभोक्ताको अधिकारबारे जानेर र बुझेर सचेत र सूचित उपभोक्ता बन्न प्रोत्साहित गर्नु हो।

---------------------------------------X---------------------------------------

- <u>Reels Competition</u>

कानूनी मापविज्ञान एकाई र खाद्य तथा नागरिक आपूर्ति विभागअन्तर्गत उपभोक्ता सुरक्षा प्रकोष्ठले रिल्स प्रतियोगिताको घोषणा गरेको छ।

मानिसहरूमा उपभोक्ता अधिकार र जिम्मेवारीबारे जागरूकता फैलाउन अनि निष्पक्ष व्यापार अभ्यासलाई बढ़ावा दिने उद्देश्यका साथ भइरहेको खुल्ला प्रतियोगिताको विषय रहेको छ जागो ग्राहक जागो।

यस निःशुल्क प्रतियोगितामा सहभागिता जनाउन मानिसहरूसित सोसल मिडिया पोस्टमा दिइएको जानकारीमा उल्लेखित दिशानिर्देश हेर्न अनुरोध गरिएको छ।

---------------------------------------X---------------------------------------

- <u>LN Sharma</u>

गेजिङ-बर्मेक निर्वाचन क्षेत्रको गेजिङ-ओमचुङ ग्राम प्रशासनिक केन्द्रमा आज सम्मान साथै अन्तर विद्यालय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो। जिल्ला पञ्चायत र ग्राम प्रशासनिक केन्द्रको आयोजनामा सम्पन्न कार्यक्रमको विषय उत्कृष्ट विरासत रहेको थियो।

क्षेत्र विधायक एवं जन स्वास्थ्य अभियान्त्रिकी तथा जल संसाधन विभागका सल्लाहकार श्री लोकनाथ शर्माको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्ला पञ्चायत र ग्राम पञ्चायतका पूर्व सदस्यहरूलाई सम्मान जनाइयो।

आफ्नो सम्बोधनमा विधायक श्री शर्माले विभिन्न विभागमा कार्यरत कर्मचारीहरूसित पदको सदुपयोग गरेर जिम्मेवारी पूर्वक काम गर्ने अनुरोध गर्नुभयो। उहाँले वर्तमान सरकार कालमा यस ग्राम पञ्चायत एकाईमा भएका विकासमूलक कार्यको बारेमा पनि जानकारी गराउनुभयो।

यसअवसरमा अन्तर विद्यालय प्राथामिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक स्तरीय हाजिरी जवाफ प्रतियोगीता सम्पन्न भयो।

---------------------------------------X---------------------------------------

- <u>Plantation Drive</u>

पर्यावरणीय स्थीरता विकासको दिशामा एउटा महत्त्वपूर्ण पहलको रूपमा लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बा र राज्यसभा सांसद श्री DT लेप्चाले पाकिम जिल्लाको जिल्ला प्रशासनिक केन्द्र परिसरमा आयोजित विरूवा रोपण अभियानमा भाग लिनुभयो। एक पेड़ मां के नाम-को विषयमा बाँझो भूमिको पुनरुत्थान अभियान पहलअन्तर्गत आयोजित विरूवा रोपणको उद्देश्य पर्यावरणीय संरक्षणमा साझा प्रतिबद्धतालाई दर्शाउनु थियो।

यस अवसरमा डाक्टर सुब्बा र श्री लेप्चाले रूद्राक्षको विरूवा रोप्नुभयो। विरूवा रोपण अभियानमा मन्त्रीद्वय सर्वश्री राजु बस्नेत र पुरण गुरूङ पनि उपस्थित हुनुहुन्थ्यो।

--------------------------------------X--------------------------------------

- <u>Seized Drugs Destroyed</u>

नाम्ची जिल्लाले यहाँबाट बरामद गरिएका नियन्त्रित र नशालु पदार्थ जिल्ला अस्पताल नाम्चीको भष्मक अर्थात Incinerator कोठामा नष्ट गरियो। नाम्चीका जिल्ला सत्र न्यायाधीशबाट प्राप्त आवश्यक अनुमतिपछि जिल्ला स्तरीय औषधि निवारण समितिको देखरेखमा यो प्रक्रिया सम्पन्न भयो।

यस अवसरमा नष्ट गरिएका नशालु पदार्थहरूमा Spasmo-Proxyvon Capsules, N10 Tablets, Cough Syrup, Brown Sugar र Marijuana रहेको छ।

--------------------------------------X--------------------------------------